प्रदेश सरकार

सामाजिक बिकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं २, जनकपुरधाम, धनुषा ।

फोन नं.:-

प.सं. /०७५/०७६
च.नं. ऽट

मितिः- २०७५।१०।१४

**विषयः- आधारभूततहको परीक्षा सञ्चालन सम्वन्धमा ।**

**श्री सवै पालिकाहरु**

**प्रदेश नं २ ।**

प्रस्तुत विषयमा आधारभूततह (कक्षा ८) को परीक्षा स्तरीय बनाउन यस निर्देशनालयबाट प्रदेश तहको प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी सकिएको छ । उक्त तालिममा यस प्रदेशका हरेक जिल्लाबाट तीन तीन जनाका दरले बिषयगत प्रशिक्षकहरु सहभागी भएको र ती प्रशिक्षकहरुले आठै जिल्लामा सवै स्थानीय तह समेटिने गरी पच्चिस पच्चिस जना विषयगत शिक्षकहरुलाई आधारभूत तह परीक्षा स्तरीकरण सम्वन्धी तालिम सञ्चालन गर्ने व्यहोरा जानकारीको लागि अनुरोध छ । उक्त तालिमका क्रममा हरेक विषयका कम्तिमा तीन तीन सेट प्रश्नपत्रहरु निर्माण भइसकेको र जिल्ला तहमा हुने तालिममा समेत विषयगत शिक्षकहरुले प्रश्नपत्रका सेटहरु निर्माण गर्ने र स्थानीय तहले चाहेमा निर्देशनालयले ती नमुना प्रश्नपत्रका सेटहरु उपलब्ध गराउन सक्ने ब्यहोरा समेत अनुरोध छ । विभिन्न अध्ययन प्रतिवेदनहरुले प्रदेश नं २ का विद्यार्थीको शैक्षिक उपलब्धि कमजोर देखाएका छन् र शैक्षिक उपलब्धि कमजोर हुनुको एक प्रमुख कारण पढाइहुने दिन र समय कम भएको पनि औंल्याएका छन् । शैक्षिक गुणस्तर बृद्धि गर्न विगतमा भन्दा पढाइहुने दिन र समय बृद्धि गर्नु पर्ने आवश्यकता छ । तर केहि पालिकाको सूचना अनुसार अधारभूत तहको परीक्षा फागुन महिनाको अन्तिम सातामा नै राखेको जानकारी प्राप्त भयो । यसरी फागुन महिनामा परीक्षा सके पछि शैक्षिक सत्र ११ महिनाको हुने, चैत्र महिना भरी विद्यार्थीहरु पठनपाठन विहिन हुने अवस्था श्रृजना हुने हुनाले आधारभूत तहको अन्तमा हुने (कक्षा ८) परीक्षा "माध्यमिक शिक्षा परीक्षा"(SEE) भन्दा कुनै पनि तरिकाले अगाडी नराखिदिन हुन र चैत्र महिनाको मसान्त सम्म परीक्षा सम्पन्न गरी नतिजा निकाल्न सकिने गरी चैत्रको तेस्रो तथा चौथो हप्तामा राखिदिन हुन अनुरोध छ ।

बोधार्थ

१.सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम, धनुषा ।

२.सवै शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश नं. २,:- पत्र कार्यान्वयमा सहयोग गर्न र जिल्लाका सवै पलिकामा एकरुपता ल्याउन समन्वय गर्नु हुन ।

२०७५।१०।१४

रमाकान्त शर्मा
निर्देशक

निर्देशक